फोन नं. : ०६७ ४३०१०२/१०३

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत

# प्रेस विज्ञप्ती

कोरोना भाइरसको संक्रमण नगरपालिका क्षेत्रमा दिन प्रति दिन संक्रमण समुदाय तह सम्म फैलिएको छ । पछिल्लो दिनमा नगर क्षेत्रमा ३५ वर्ष भित्रको युवा अवस्थामै प्रति दिन एक जनाको मृत्यु हुने गरेको छ । फलेवास नगरपालिकाको ११ वटै वडाका लक्षण देखिएका ५४ जनाको प्रदेश जनस्वास्थ्य प्रयोगशाला पोखरामा पि.सि.आर गर्दा तपशिलका वडामा देहाय अनुसार १२ जनामा संक्रमण देखिएको छ । उहाँहरु स्वस्थ्य हुनुहुन्छ ।

| वडा नं. | गाउँ | महिला | पुरुष | जम्मा | उमेर |
|---|---|---|---|---|---|
| १ | कार्किनेटा | ० | २ | २ | २५ र ३३ वर्षका |
| २ | थापाठाना | ० | १ | १ | ३२ वर्षका |
| ५ | खानीगाउँ | १ | १ | २ | २६ र ३४ वर्षका |
| ६ | देविस्थान | ० | ६ | ६ | १८, २६, २६, ३९,४३ र ५२ वर्षका |
| ७ | लिमिठाना | ० | १ | १ | ३५ वर्ष |
| जम्मा | | १ | ११ | १२ | १८ वर्ष देखि ५२ वर्ष सम्मका |

नगरपालिका वडा नं. २ मा १ जना, वडा नं. ५ मा एक जना, वडा नं. ६ मा एक जनाको हालसालै मृत्यु भई सकेको छ उहाँहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं । संक्रमितहरुको संख्या दिन प्रति दिन वढि रहेको यस अवस्थामा कोरोना भाईरसको संक्रमण नियन्त्रण र रोकथामका लागि अगाडी सारेको लकडाउनको पूर्ण पालना गर्न अनुरोध गर्दछौं । संक्रमण समुदाय तहमा थप फैलिन नदिन शैक्षिक संस्था, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, सेवा केन्द्रहरु अत्यावश्यक सेवा वाहेका नियमित सेवाहरु वन्द गरिएको छ भने वजार क्षेत्र, वित्तिय संस्था, वैंक, सहकारी संस्था, सामाजिक संघसंस्थाहरुले समेत आकास्मिक सेवा वाहेक नियमित सेवा वन्द गर्न जानकारी गराउदछौं ।
फलेवास नगर अस्पताल वडा नं. ६ मा १२ वटा अक्सिजन सिलिन्डर सहितको १५ वेड व्यवस्थापन गरी उपचार भई रहेको छ, एम्वुलेन्स सेवा सञ्चालनमा छ भने १० वटा स्वास्थ्य चौकी मार्फत स्वास्थ्य सेवा दिंदै आएको छ । यस कठिन परिस्थितिमा नगरका सवै संरचनाहरु परिचालन गरी एम्वुलेन्स सेवा, उपचार, संक्रमण नियन्त्रण र रोकथामका कामहरु भैरहेका छन । सवै नगरवासीहरुलाई आआफ्नो घरमा भौतिक दुरी कायम गर्न, टोल विकास संस्थाहरुले जनचेतना अभिवृद्धि गर्न, छिमेकीहरुलाई असहज परेको समयमा सामाजिक सहयोग गर्ने वातावरण सृजना गर्न, समुदायमा भएका असहज परिस्थितीको जानकारी गराउन अनुरोध गर्दछौं । संक्रमणको नियन्त्रण, रोकथाम र उपचारमा राष्ट्रसेवक भै आफु सुरक्षित भै कार्य गर्न शिक्षक, कर्मचारीहरुलाई निर्देश गर्दछौं ।
स्वदेश तथा विदेशमा रहनु भएका नेपाली, उद्योगी व्यवसायी, सामाजिक संघसंस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, वैंक, वित्तिय संस्था, सहकारी संस्था, सामूदायिक संस्था, युवा क्लव र आमा समुहहरुलाई कोरोना भाईरसको नियन्त्रण, रोकथाम र उपचारमा सहयोग गर्न आवह्गन गर्दछौं ।
नगरवासीहरुलाई भौतिक दुरी कायम गर्न, कठिन परिस्थितिमा धैर्य रहन, आफु र आफ्नो परिवारको स्वास्थ्यमा ख्याल गर्न, कोभिडको लक्षण देखिएमा, होम आइश्युलेसनमा रहँदा असहज अवस्था आएमा वडा कार्यालय, स्वास्थ्य संस्था, नगर अस्पताल, नगर कार्यपालिकाले तोकेका कर्मचारी तथा पदाधिकारीहरुलाई सम्पर्क गर्न नगरवासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक अपिल गर्दै स्वास्थ्य सेवा प्रदानका लागि नगर कार्यपालिका यहाँहरुको साथमा रहेको प्रतिवद्धता व्यक्त गर्दछौं ।

मिति : २०७८ साल जेष्ठ २ गते

पदमपाणी शर्मा
नगर प्रमुख